नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
डडेल्धुरा

फोन नं.: ४२०१३३
४२०५५५
फ्याक्स नं.: ४२०१५३
daodadeldhura@moha.gov.np
daodadeldhura133@gmail.com

पत्र संख्याः २०८२/०८३ मितिः २०८२/११/१८

मौन अवधि मिति २०८२/११/१८ गते राति १२:०० बजे देखि मतदान सम्पन्न नहुन्जेलसम्म

## पालना गर्नुपर्ने विशेष आचरण सम्बन्धी सूचना !

मिति २०८२ फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचन, २०८२ लाई स्वतन्त्र, निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गर्नका लागि मिति २०८२/११/१८ गते राति १२:०० बजेदेखि मतदानको दिन मतदान केन्द्र बन्द नहुन्जेलसम्म पालना गर्नुपर्ने विशेष आचरणका सम्बन्धमा निर्वाचन आचारसंहिता, २०८२ को दफा १७ मा उल्लेख भए बमोजिम राजनीतिक दलका पदाधिकारी वा उम्मेदवार तथा दलको भातृ संगठन वा सम्बन्धित व्यक्तिले देहायका आचरण पालना गर्नु पर्नेछ।

देहायः-

१. निर्वाचन प्रचार प्रसार लगायत कुनै पनि प्रकारका छलफल, अन्तर्क्रिया, सभा सम्मेलन, कार्यशाला गोष्ठी आदी गर्न नपाइने,
२. मतदान हुने दिनको अठ्चालिस घण्टा अघि मतदान स्थलको तीन सय मीटर वरिपरि राखिएका राजनीतिक दल वा उम्मेदवारका प्रचार प्रसारका सामाग्री हटाउनुपर्ने,
३. कुनै पनि विधि प्रक्रिया वा माध्यमबाट मत माग्न र निर्वाचन प्रचार प्रसार गर्न नहुने,
४. आर्टिफिसियल इन्टेलिजेन्स (ए.आई.) को प्रयोग गरी वा नगरी सामाजिक सञ्जाल, अनलाईन, छापा वा अन्य कुनै माध्यमबाट राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा कुनै सन्देश, सूचना वा प्रचारप्रसारका सामाग्री पोष्ट वा शेयर गर्न वा गराउन वा प्रतिक्रिया दिन नहुने।

यो भन्दा अगाडी वा यस कार्यालयबाट जारी भएका सबै सूचना/प्रेस विज्ञप्तिमा उल्लेख भए बमोजिम गर्नु गराउनुहुन समेत सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना जारी गरिएको छ।

(विष्णुप्रसाद कोइराला)
प्रमुख जिल्ला अधिकारी